# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ (आ.व.२०८२/०८३ को माघ देखि चैत मसान्तसम्म)

## *स्वतः प्रकाशन गर्नुपर्ने विवरण*




## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

## स्वतः प्रकाशन (proactive disclosure)

नेपालको संविधान २०७२ को धारा ५७ अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहमा राज्य शक्तिको बाँडफाँड गरिएको छ। यसले जनप्रतनिधिमूलक स्थानीय तहलाई अधिकार सम्पन्न स्थानीय सरकारको मान्यता समेत दिएको छ। साथै संधीयता तथा स्थानीय स्वायत्त शासनको मूल मर्मलाई आत्मसाथ गर्दै आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा आवश्यक पर्ने कानून निर्माण, योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, वित्तिय व्यबस्थापन, न्यायीक अधिकारको प्रयोग तथा आधारभूत पूर्वाधारको निर्माण, संस्थागत सुधार र सुशासनको क्षेत्रमा स्थानीय तहको अवस्था तथा आवश्यक्ता अनुकुल परिमार्जन तथा सुधार गर्दै स्थानीय सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी बनाउने अवसर समेत प्राप्त भएको छ ।

नेपालको संबिधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३-३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यबस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी १३ वटा शिर्षकहरु उल्लेख गरिएका छन । सूचनाको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन यस नगरपालिकाले आ.ब.२०८२/८३ माघ देखि चैत मसान्तसम्मको अबधिमा सम्पादित प्रमुख कार्यहरु प्रकाशित गरेका छौ । सूचनाको हक सम्बन्धी कानूनको ध्येय नै नागरिकले सूचना माग नगरे पनी आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशन (Proactive Disclosures) गर्नु पर्ने हुन्छ। सोही क्रममा यस मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मनरा, महोत्तरीले आर्थिक बर्ष २०८२/८३ को तेस्रो त्रैमासिक (२०८२ माघ देखि चैत) महिनामा सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

यस सूचनाको हक सम्बन्धी स्वतःप्रकाशन दस्ताबेज तयार गर्न सहयोग गर्ने सूचना अधिकारी, सूचना प्रविधि अधिकृत, लगायत अन्य कर्मचारीहरू तथा सदैव हौसला प्रदान गर्ने जनप्रतिनिधिज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। नगरपालिकाबाट नियमित तथा भरपर्दो रूपमा प्रवाह हुने सूचना सबै सरोकारवालाहरूलाई श्रोतको रुपमा उपयोगी हुने र यसबाट मनराशिसवा नगरपालिकाको समग्र विकासमा टेवा पुग्नेमा आशावादी छौ ।

प्रेम कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

## १. नगरपालिकाको स्वरूप र प्रकृतिः

- मनराशिसवा नगरपालिका मधेश प्रदेश अर्न्तगत महोत्तरी जिल्लामा पर्दछ । यस जिल्लामा रहेको १० वटा नगरपालिका र ५ वटा गाँउपालिका मध्ये यो पनि एउटा स्थानिय तह रहेको छ । साविकको गा.वि.स.हरु क्रमशः शिसवा कटैया, बथनाहा, साढा, सरपल्लो, मनरा, ईटहर्वा कटी र सोनौल समेत गरि ७ वटा गा.वि.स.हरु समेटी यो नगरपालिका बनेको छ । यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन्। यो नगरपालिका महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर देखि १२ किलो मिटर पश्चिम दक्षिणमा रहेको यो नगरपालिकामा जम्मा १०,०५० घरपरिवार अवस्थित रहेको छ । महोत्तरी जिल्लाको कूल क्षेत्रफल १,००२ वर्ग किलो मिटर मध्ये यस नगरको कुल क्षेत्रफल ४९.७८ व.कि.मी. रहेको छ अर्थात ४९७८ हेक्टर (७,४६७ विघा) रहेको छ ।

- नगरपालिका स्थानीय जन निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने स्थानीय तह हो। १० वडा कायम भई बनेको यस मनराशिसवा नगरपालिकामा ५५ सदस्यीय नगर सभा र २० सदस्यीय कार्यपालिका रहने व्यवस्था छ । नगर सभामा नगर प्रमुख र उप-प्रमुख सहित प्रत्येक वडाबाट निर्वाचित १ जना वडा अध्यक्ष, १ जना दलित महिला सदस्य, १ जना महिला सदस्य, २ जना अन्य सदस्य एवंम ३ जना नगर सभाबाट निर्वाचित सदस्य रहने व्यस्था रहेको छ ।

- न्यायीक, विधायिका र कार्यकारणी अधिकार सम्पन्न नगर सभाको बैठक बर्षमा कम्तीमा दुई पटक बस्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । सामान्यतया वर्षे सभालाई बजेट सभाको रुपमा र हिउदे सभालाई विधेयक सभाको रुपमा कार्यान्वयन गरिएको छ । कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने प्रावधान गरिएको छ । नगर सभा एवंम कार्यपालिकाले गर्ने निर्णयहरुको कार्यान्वयन एवंम दैनिक प्रशासन संचालनको लागि प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा स्थानीय तहका कर्मचारीहरु कार्यरत रहेका छन । प्रत्येक वडा कार्यालयहरुमा वडा समिति सकृय भई तोकीएको काम, कर्तव्य र अधिकारहरु प्रयोग गरिरहेका छन। नेपालको संविधानको धारा २२३ को उपधारा १ मा नगर सभा र नगरपालिकाको व्यवस्था भएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ ले नगरपालिकाको काम कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ ।

## २. नगरपालिकाको काम, कर्तव्य र अधिकारः

नेपालको संविधान, अनुसूची-८, मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सन्चालन ऐन २०७४, संघ र मधेश प्रदेशका कानुन बमोजिम स्थानीय तह सम्बन्धि जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रवन्धहरू, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार अनुसार नियमित रुपमा कार्यसम्पादन गर्दै आएको छ।

## ३. निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरणः

यस नगरपालिकामा साविकको स्थानीय निकायमा कार्यरत रहेका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका र प्रचलित कानुनको अधीनमा रही नियुक्त भएका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरू (दैनिक ज्यालदारी बाहेक) समेत गरी कुल २११ जना कर्मचारीहरू कार्यरत छन्। यस नगरपालिकामा नगर कार्यपालिकाको कार्यालय-१ (एक), वडा कार्यालय-१० (दश), नगर अस्पताल-१ (एक), स्वास्थ्य चौकी-६ (छौ), आधारभूत स्वास्थ्य सेवा केन्द्र-३ (तिन), नगर आयुर्वेद तथा प्राकृतिक चिकित्सालय-१ (एक), आयुर्वेद औषधालय-१ (एक) र कृषि तथा पशु सेवा केन्द्र-१ (एक) रहेका र तत् संस्थागत संरचनाबाट नियमित रुपमा सेवा प्रवाह हुँदै आएको छ।

कार्यालय प्रमुखः

| क्र.स. | कर्मचारीको नाम | पद | मोबाइल नं. | इमेल |
|---|---|---|---|---|
| १. | श्री प्रेम कुमार पोखरेल | प्र.प्र.अ. | ९८५४०३३१०३ | |

गुनासो सुन्ने अधिकारीः

| क्र.स. | कर्मचारीको नाम | पद | मोबाइल नं | इमेल |
|---|---|---|---|---|
| १. | विजय नारायण ठाकुर | अधिकृत सातौं | ९८६६४३९३०५ | bijayaayurved@gmail.com |

सूचना अधिकारीः

| क्र.स. | कर्मचारीको नाम | पद | मोबाइल नं. | इमेल |
|---|---|---|---|---|
| १. | मुकेश कुमार यादव | अधिकृत छैठौं | ९८५४०३३१०९ | suchanaadhikarimsm@gmail.com |

## ४. नगरपालिकाबाट प्रदान गरिने सेवाः

- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र मधेश प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धि जारी गरिएका ऐन, नियम तथा समय समयमा जारि हुने परिपत्र एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा मनराशिसवा नगरपालिकाको अविछिन्न अभ्यासहरूको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

सेवा प्रदान गर्नका लागि सम्बन्धित कार्यसँग सम्बन्धित शाखा प्रमुखहरु रहेका छन् भने वडाको हकमा वडा सचिवहरु आ-आफ्नो कार्यप्रति जिम्मेवार रहने व्यवस्था गरिएको छ।

## ६.सेवाप्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस नगरपालिकाबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर यस नगरपालिकाद्वारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन, २०८२ वमोजिम रहेको छ। सो सालबसालि आर्थिक ऐन नगरपालिकाको आधिकारिक वेबसाइट https://manarashiswamun.gov.np मा समेत राखिएको छ। सेवा प्राप्त गर्ने अवधिको हकमा प्रचलित कानुनमा अन्यथा लेखिएकोमा बाहेक सामान्यतयाः निवेदन पेश भएको दिनमा नै सेवा प्रवाह गर्ने गरिएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

१. शाखासँग सम्बन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने।

२. विशेष निर्णय नगर प्रमुखबाट तथा कार्यालय प्रमुखबाटै हुनु पर्ने भनी तोकिएका कामहरु कार्यालय प्रमुखबाट।

३. वार्षिक बजेट निर्माण तथा योजना तर्जुमा प्रक्रियाको निर्माण प्रक्रिया देहाय बमोजिम हुने ।

- बजेट सिलिङ र मार्गदर्शन प्राप्ती, राजश्व परामर्श समिति बैठक, स्रोत अनुमान तथा बजेट कार्यक्रम तर्जुमा समितिको बैठक, टोल बस्तीबाट योजना सङ्कलन, वडाबाट योजना प्रथमिकीकरण, नगरको विषयगत समितिको बैठक, नगरपालिकाको बैठकबाट निर्णय गरी नगरसभाबाट स्वीकृत गर्ने ।

४. अन्य विविध विषयको निर्णय

- निर्णय अधिकार – नगर कार्यपालिका
- प्रक्रिया – नगर प्रमुखको निर्देशनमा सचिवले बैठकको लागि कार्यपालिकाका सदस्यहरुलाई ७ दिन अगाडी एजेन्डा सहित पत्राचार गर्ने, प्रमुखबाट बैठकमा एजेन्डा प्रस्तुत गर्ने र अन्तिम निर्णय लिने ।

५. उपभोक्ता मार्फत संचालित योजना सम्झौताको लागि उपभोक्ता समितिको निर्णय, वडाको सिफारिस, लागत अनुमान तयारी, निवेदन सहित पेश भए पश्चात योजना शाखाको सिफारिस भई प्रमुख प्रशासकीय अधिकृत बाट योजना सम्झौता ।

६. योजनाको रकम भुक्तानीको लागि समितिको निर्णय, अनुगमन समितिहरुको अनुगमन, वडाको सिफारिस, प्राविधिक मूल्याङ्कन सहित पेश भए पश्चात योजना शाखाबाट सिफारिस गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृती पश्चात आर्थिक प्रशासन शाखाबाट रकम भुक्तानी हुने ।

७. ठेक्का प्रक्रियाबाट संचालन हुने योजनाको लागि नगर सभाबाट स्वीकृत बजेटको आधारमा सर्भे गरी लागत अनुमान तयारी पश्चात बोलपत्र वा दरभाउपत्र सम्बन्धि सूचना प्रकाशन गरी मूल्याङ्कन पश्चात कम कबोल गर्ने फर्मसँग सम्झौताको लागि आशयको सूचना प्रकाशित गरी नियमानुसार प्रमुख प्रशासकीय अधिकृतबाट सम्झौता गर्ने ।

८. ठेक्का सम्झौता भएका योजनाको काम सम्पन्न पश्चात फर्मको निवेदन साथ बिल भर्पाइ प्राविधिक मूल्याङ्कन प्राप्त भईसकेपछि योजना शाखाको सिफारिस समेतका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरिसकेपछि आर्थिक प्रशासन शाखाबाट भुक्तानी हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- शाखा प्रमुख मातहतबाट भएको निर्णयको शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत।
- प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्णयको नगर प्रमुख।

- कार्यपालिका सदस्यहरुबाट भएको निर्णयको नगर प्रमुख र उप-प्रमुख।
- नगर प्रमुख र उप-प्रमुखबाट भएको निर्णयको कार्यपालिका एवं नगर सभा।
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्यव्यवहार बारे गुनासो सुन्ने प्रशासकीय अधिकृत।

## ९. सम्पादन गरेको कामको विवरणः

### प्रशासन शाखाः

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प.सं. : २०८२।२०८३
च.नं. : २२७०

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

मितिः-२०८३।०१।११

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
मनरा,महोत्तरी ।

विषयः-विवरण उपलब्ध गराईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२४३, मिति २०८२।१२।२७ गतेको पत्र तथा मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प.सं.२०८२/०८३, च.नं.२१८७ र मिति २०८३।०१।०८ गतेको प्राप्त पत्रानुसार सूचनाको हक कार्यान्वयन सम्बन्धि प्रगति विवरण विषयको पत्रानुसार मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहतको प्रशासन शाखाबाट आ.व.२०८२/०८३ को माघ १ गते देखि चैत्र मसान्त सम्म तपशिल अनुसारको प्रमुख कामहरु सम्पादन भएको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | कामको विवरण |
|---|---|
| १. | आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ प्रयोजनको लागि श्री जिल्ला निर्वाचन कार्यालय जलेश्वर,महोत्तरीमा यस कार्यालयमा कार्यरत स्थायी/करार सहितका सम्पर्ण कर्मचारीहरुको विवरण पठाएको । |
| २. | श्री संधिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२/०८३,च.नं.११२ र मिति २०८२।१२।२० गतेको पत्रानुसार स्वीकृत दरबन्दीको विवरण मन्त्रालयमा पठाएको । |
| ३. | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेश जनकपुरधामको प.सं.२०८२/०८३,च.नं.१३४८ र मिति २०८२।१२।२३ गतेको पत्रानुसार यस नगरपालिकामा कार्यरत सम्पर्ण स्थायी/करार कर्मचारीहरुको व्यक्तिगत विवरण पठाईएको । |
| ४. | विभिन्न सेवा तर्फ रिक्त रहेको स्विकृत दरबन्दिमा १८ जना पदपूर्ति खुल्ला प्रतिस्पर्धाद्वारा भएको । |
| ५. | यस नगरपालिका अन्तर्गतका सम्पूर्ण स्थायी/करार कर्मचारीहरुको मासिक हाजरी प्रमाणित गरि मासिक रुपमा तलब/भत्ता निकासको लागि सिफारिस गरि चैत्र सम्मको निकासा भएको। |
| ६. | यस नगरपालिका अन्तर्गतका सम्पूर्ण स्थायी /करार कर्मचारीहरुको वार्षिक विदा २०८२ चैत्र मसान्तसम्मको अध्यावधिक रहेको । |
| ७. | क्षमता अभिवृद्धि सम्बन्धि तालिम (सेवाकालिन तालिम)-३२ कार्यदिनमा ७ जना सहभागि |
| ८. | कार्यपालिकाको बैठकको संख्या -३ |
| ९. | माघ १ गते देखि चैत्र मसान्त सम्म दर्ता भएको पत्र संख्या- १०४८ र चलानि भएको पत्रको संख्या - ७६५ रहेको छ । |
| १०. | फाईल शून्य (०) रहेको । |

"शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधारः मनराशिसवा नगरपालिका समृद्धिको आधार"
Website: https://manarashiswamun.gov.np

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com



श्री श्यामदेव महासेठ

# योजना शाखाः

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प.सं. : २०८२।२०८३
च.नं. : २२११

E-mail : info@manrashiswamun.gov.np
manarashiswamun.gov@gmail.com

मितिः २०८३।०१।११

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
मनराशिसवा नगरपालिका।

**विषयः त्रैमासिक प्रगति विवरण पेश गरेको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मनराको च.न.२१८७ मिति २०८३/०१/०८ गते पत्रानुसार २०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्त सम्म कार्य भएको त्रैमासिक प्रतिवेदन पेश भएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | कार्यको विवरण | संख्या/अवस्था | कैफियत |
|---|---|---|---|
| १ | योजना कार्यदेश र समझौता | ६ | |
| २ | बाँकी योजना भुक्तानी कार्य | भईरहेको | |
| ३ | अख्तियार दरुपयोग अनुसन्धान आयोग कार्यालय सम्बन्धी कार्य | समयमै सम्पादन | |
| ४ | E-Biding सम्बन्धी सुचना प्रकाशन कार्य | भएको | |
| ५ | खानेपानीको DPR सम्बन्धी कार्य | भएको | |
| ६ | अधारभुत नगर अस्पतालको रनिङ्ग भुक्तानी | भएको | |
| ८ | खुल्ला वोलपत्रमा योजना प्रकाशन भएको | ५ | |
| ९ | विभिन्न मन्त्रालयमा योजना माग कार्य | भएको | |
| १० | योजना कार्य सम्पन्न भएको | ६ | |
| १० | विपदमा परेको व्यक्तिहरुलाई राहत वितरण कार्य | भएको | |
| ११ | विपदमा परेको व्यक्तिहरुलाई राहत सरह रकम भुक्तानी कार्य भएको | ६ जना | |
| १२ | लेखामा भुक्तानीको लागि पठाईएको फायल | ३ | |
| १३ | आवधिक योजना भुक्तानी | भएको | |
| १४ | फाइलको अवस्था (पेन्डिङ्ग) | शुन्य | |

श्यामदेव महासेठ
प्रशासन,योजना तथा अनुगमण शाखा प्रमुख

नोट : कार्यालयको सम्पुर्ण प्रशासनिक कार्य/योजना सम्बन्धी कार्य समयमै सम्पादन ।

मितिः-२०८३/०१/११

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मनराशिसवा नगर कार्यपालिकाको कार्यालय,
मनरा, महोत्तरी

विषयः- विवरण पेश गरिएको सम्बन्धमा ।

उपरोक्त विषयमा यस कार्यालयको प.सं. २०८२/०८३ च.नं. २१८७ मिति २०८३/०१/०८ गतेको प्राप्त पत्रानुसार चालु आ.व.२०८२/८३ को माघ १ गते देखि चैत्र मसान्तसम्म यस राजस्व तथा संघ संस्था दर्ता शाखाबाट सम्पादित भएका मुख्य कामको विवरण सम्बन्धित अभिलेख तथा तथ्यांकका आधारमा समयमै तयार गरि पेश गरीएको व्यहोरा अनुरोध छ ।

तपसिलः-

(१) राजस्व संकलनः- रु.८,०४,०८७.८२/-
(२) व्यवसाय नवीकरणः- ५ वटा
(३) सहकारी सम्बन्धि विवरण अद्यावधिक ।
(४) भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक अद्यावधिक, निवेदन संकलन तथा समन्वय सम्बन्धी कार्य ।
(५) निर्माण व्यवसायको नयाँ इजाजतपत्र दर्ता सम्बन्धि कार्य ।
(६) आन्तरिक आय निरन्तरता सम्बन्धी ।

पुनम कर्ण
अधिकृत छैठौं
राजस्व तथा संघ संस्था दर्ता शाखा

# सामाजिक सुरक्षाः

सामाजिक सुरक्षा तथा पंजीकरण शाखा अन्तर्गत मिति २०८२ माघ ०१ गते देखी २०८२ चैत्र मसान्त सम्म भए गरिएका मुख्य क्रियाकलापहरुको प्रगति विवरण

## सामाजिक सुरक्षा

१। सामाजिक सुरक्षा तर्फ कुल ३२४ नँया निवेदनहरु अनलाईन प्रणालीमा दर्ता भएको ।

आव २०८२।८३ माघ देखी चैत्र महिनामा नँया दर्ता भएका सामाजिक सुरक्षा भत्ताका लाभग्राही

| वडा नं | अन्य ज्येष्ठ नागरिक | ज्येष्ठ नागरिक दलित | ज्येष्ठ नागरिक एकल महिला | बिधवा | पुर्ण अपांग | अति अशक्त अपागं | क्षेत्र तोकिएका बालबालिका | जम्म |
|---|---|---|---|---|---|---|---|---|
| १ | ० | १ | १ | ० | ० | २ | ५० | ५४ |
| २ | ० | ० | ५ | १ | ० | १ | ३१ | ३८ |
| ३ | ० | ० | ० | १ | ० | ७ | १३ | २१ |
| ४ | ० | ० | १ | ३ | १ | ० | २२ | २७ |
| ५ | १ | १ | १ | १ | ० | ० | ३१ | ३५ |
| ६ | ० | ० | ० | ३ | १ | २ | २६ | ३२ |
| ७ | ० | ० | १ | १ | १ | २ | २८ | ३३ |
| ८ | ० | ० | १ | ४ | ० | ० | २४ | २९ |
| ९ | ० | १ | ० | २ | ० | १ | २० | २४ |
| १० | २ | १ | ० | २ | ० | ० | २६ | ३१ |
| जम्मा | ३ | ४ | १० | १८ | ३ | १५ | २७१ | ३२४ |

२। मृत्यु तथा अन्य कारण खाता बन्द सम्बन्धि कुल ७५ बैंक सिफारिस गरिएको।

३। उमेर हद, मृत्यु, बसाई सराई, तिन सन्तान तथा अन्य कारणले कुल २५७ जनाको नाम सामाजिक सुरक्षा भत्ता अभिलेख बाट लगत कट्टा गरिएको ।

४। सामाजिक सुरक्षा तर्फ कुल ४१ जनाको Biometric Verification गरिएको ।

५। सामाजिक सुरक्षा भत्ता तर्फ बैंक खाता नम्बर उपलब्ध गराएका कुल ८७११ जना लाभग्राहीहरुको खातामा तेस्रो त्रैमासिक EFT प्रणाली मार्फत कुल रकम ५३२५५७०७। निकासा गरी वितरण कार्य सुचारु गराईएको ।

६। मिति २०७८।०४।०१ अगाडी देखीनै निष्क्रिय रहेका लाभग्राहीहरुको खाताको रकम फिर्ताका लागी सम्बन्धीत बैंकमा पत्राचार गरी फिर्ताको प्रक्रिया अघि बढाईएको ।

# पञ्जिकरण शाखाः

## पञ्जीकरण

१।पंजीकरण तर्फ कुल ७०० अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता गरिएको ।

**जिल्ला:** महोत्तरी **गा.पा/न.पा.:** मनराशिस्वा **दर्ता मिति देखि:** २०८२-१०-०१ **दर्ता मिति सम्म:** २०८२-१२-३०

| | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरूष | महिला | तेश्रोलिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रोलिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | ३१ | २२ | | ५३ | १० | ९ | | १९ | | १९ | | | | | | ९१ |
| २ | २८ | २४ | | ५२ | १४ | ११ | | २५ | १ | १८ | | | १ | ४ | | ९७ |
| ३ | १६ | १२ | | २८ | ९ | ७ | | १६ | | १० | १ | ७ | १ | १ | | ५६ |
| ४ | १० | १७ | | २७ | १० | ३ | | १३ | १ | २२ | | | | | | ६३ |
| ५ | २३ | १९ | | ४२ | ४ | १३ | | १७ | | १२ | १ | १ | | | | ७२ |
| ६ | २३ | २९ | | ५२ | ६ | ६ | | १२ | | १६ | १ | १ | | | | ८१ |
| ७ | २२ | २२ | | ४४ | २ | १ | | ३ | | १७ | १ | १ | | | | ६५ |
| ८ | २१ | २३ | | ४४ | १२ | ६ | | १८ | | १३ | | | | | | ७५ |
| ९ | ११ | ६ | | १७ | ६ | ४ | | १० | | ९ | | | १ | ५ | | ३७ |
| १० | १७ | १८ | | ३५ | ७ | ६ | | १३ | | १५ | | | | | | ६३ |
| जम्मा | २०२ | १९२ | ० | ३९४ | ८० | ६६ | ० | १४६ | २ | १५१ | ४ | १० | ३ | १० | ० | ७०० |

२।व्यक्तिगत घटना दर्ता प्रतिलिपि तर्फ जन्म दर्ता ४७५, मृत्यु दर्ता १५, विवाह दर्ता २० र बसाईसराई १ गरी कुल ५११ प्रतिलिपि जारी गरीएको ।

## नागरिकता

१।तिन महिनाको अवधिमा वंशज २० र वैवाहिक अङ्गिकृत १० गरी कुल ३० जनाको अनलाईन मार्फत नागरिकता सिफारिस भएको।

# सुचना प्रविधि शाखाः

## सूचना प्रविधि शाखा

- सूचना संचार प्रविधि तथा अभिलेख शाखामा भएका सूचना आवश्यक पर्ने सेवाग्राही वा संस्थालाई उपलब्ध गराउने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क कम्प्यूटराइज्ड गर्ने र कम्पूटरराइज भएका विवरणहरुलाई सुरक्षित रुपमा राखे,
- नगरपालिकाको गतिविधि सामाजिक संजालमा प्रकाशन गर्ने र स्थानीय स्तरका पत्रपत्रिका र एफ.एम.मा आवश्यक अनुसार उपलब्ध गराउने,
- कानून पारित भएपछि प्रमाणित कानून बेवसाइटमा राखे,
- प्रदेश तथा संघसँग तथ्याङ्क एवं सूचना आदानप्रदान र समन्वय सम्बन्धी कार्य,
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच र उपयोग सम्बन्धी कार्य,
- सूचनाको हकको प्रचलनको लागि निर्णय र आदेश वमोजिम सूचना प्रवाह गर्ने,
- विविध तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता गरी अभिलेख दुरुस्त राखे,
- नगरपालिकाका सबै कर्मचारीहरुलाई विद्युतीय शासन, सूचना तथा संचार प्रविधि सम्बन्धी आधारभूत ज्ञान आदान प्रदान गराउने,
- विद्युतीय शासन स्थापनाको क्रममा कार्यालय, बडाको इन्टरनेट सेवा, वाइफाई व्यवस्थापन, वेवसाइट, नागरिक बडापत्र, ई. हाजिरी, सामुहिक एस.एम.एस., जस्ता कार्यमा सहयोग गर्ने,
- शाखाको कार्यक्षेत्रसँग सम्बन्धित सूचना तया जानकारी प्रवाह गर्ने,

# भवन तथा वस्ति विकास शाखाः

श्री प्रशासन
9/10

मितिः२०८३/०१/१०

श्रीमान् कार्यालय प्रमुखज्यू,
नगर कार्यपालिकाको कार्यालय,
मनरा, महोत्तरी।

**विषयः कार्य सम्पादन सम्बन्धमा।**

महोदय,

उपरोक्त विषयमा, यस कार्यालयको पत्र सं. २०८२/२०८३ च. नं. २१८७ को पत्र प्राप्त भएकोमा सो सम्बन्धमा तपसिलका योजनाहरुको सूची कार्यालयबाट प्राप्त भएकोमा भवन तथा वस्ति विकास उप-शाखा बाट देहाय बमोजिम उक्त योजनाहरुको कार्य सम्पादन गरी फाइलहरु सम्बन्धित शाखामा पेश गरिसकेको व्यहोरा अनुरोध छ।

तपसिलः

| क्र.सं. | कार्यको नाम | कार्य प्रगतिको अवस्था |
|---|---|---|
| क. | लागत अनुमान | |
| १. | Construction of 2 storey 4 class room in Durga Ma. Vi. School, Manara | लागत अनुमान तयार तथा चेक जाँच गरि प्रक्रिया अगाडी बढी सकेको |
| २. | Construction of 2 storey 4 class room in Ne. Ra. Ja. Adharbhut Bidhalaya, Sakri | लागत अनुमान तयार तथा चेक जाँच गरि प्रक्रिया अगाडी बढी सकेको |
| ३. | Construction of Dharmshala Building Behind Shree Ja. Ma. Vi School, Sahni Tole, Wada - 05 | लागत अनुमान तयार तथा चेक जाँच गरि प्रक्रिया अगाडी बढी सकेको |
| ४. | Landscaping Work in Administrative Building Premises | लागत अनुमान तयार तथा चेक जाँच गरि प्रक्रिया अगाडी बढी सकेको |
| ख. | नक्सा पास तथा अभिलेखीकरण | कार्यविधि तयार गरि पेश गरिसकेको |
| ग. | **Construction Of School Building in Manara Shiswa Municipality-10, Maruwahi** | २ तल्ले ४ कोठाको भवनको कार्य प्रगतिमा रहेको (भुइँ तल्लाको गारो लगाउने काम र पिल्लर ढलानको कार्य पूरा भई छत ढलान गर्ने कार्य बाँकी रहेको) |
| घ. | १५ शैय्या अस्पताल | दैनिकी साईट सुपरभिजन तथा रनिंग विल मुल्यांकन |

२०८३/०१/१०
ई. राकेश कुमार पाण्डेय

दर्ता नं. ३०१३
मिति २०८३।१।१०

# महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाः

**मनरशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**मनरा महोत्तरी अन्तर्गतको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाद्वारा अर्थिक वर्ष २०८२/०८३ माघ १ देखि चैत्र मसान्त सम्ममा सम्पन्न गरिएको कार्य प्रगति प्रतिवेदन।**

- उल्लेखित अवधि भित्र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन,२०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गठित स्थानिय समन्वय समितिको बैठकद्वारा आवश्यक छलफल गरी निम्न बमोजिमको परिचय-पत्र वितरण गरियो।

जसमा,

क वर्गको परिचय पत्र वाहक = ३ जना
ख वर्गको परिचय पत्र वाहक = १२ जना
ग वर्गको परिचय पत्र वाहक = १ जना
घ वर्गको परिचय पत्र वाहक = शून्य
जम्मा = १६ जना

| विवरण | वडा नं. १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | १० | | जम्मा म./पु. | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| क | - | - | - | - | - | - | १ | - | - | - | - | १ | १ | - | - | - | - | - | - | - | २ | १ | ३ |
| ख | - | २ | - | १ | १ | ४ | - | - | - | - | २ | १ | - | - | - | - | १ | - | - | - | ४ | ८ | १२ |
| ग | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | - | १ | १ |
| घ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| जम्मा | - | २ | - | १ | १ | ४ | १ | - | - | - | २ | २ | १ | - | - | - | १ | - | १ | - | =६ | =१० | =१६ |

- स्वास्थ्य शाखा अन्तर्गतका सम्पूर्ण आमा समूहहरुको नियमित मासिक बैठक अनुगमन गरिएको। (प्रत्येक महिना)
- मनराशिसवा नगरपालिकाद्वारा जारी गरिएको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०८१ बमोजिम उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गरिएको।

  वडा नं १ मा बसोबास गर्नुहुने ३ जना ज्येष्ठ नागरिकहरुद्वारा प्राप्त निवेदन बमोजिम परिचय पत्र वितरण गरिएको जसमा, २ जना पुरुष र एक जना महिला रहेका छन्।

तयार गर्ने
गोमा काफ्ले
स.म.वि.नि.

## रोजगार शाखाः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मनराशिसवा नगरपालिका
मनरा, महोत्तरी।

विषयः प्रगति विवरण सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस मनराशिसवा नगरपालिकाको चालु आ.व. २०८२।०८३ को माघ, फाल्गुन, चैत्र तथा बैशाख मसान्त सम्ममा यस रोजगार सेवा केन्द्रबाट सञ्चालन भएका मुख्य कार्यहरु यस प्रकार छन्।

1. श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको पूर्व निरधारित कार्यक्रम अन्तरगत सवै वडामा वेरोजगार व्यक्तिहरुलाई फर्म भराउने कार्य गरियो।
2. श्रम,रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको पूर्व निरधारित कार्यक्रम अन्तरगत फर्म भरेका वेरोजगार व्यक्तिहरुको डाटा भर्नु पर्ने कार्यविधि अनुरुप PMEP Program को EMIS Portal मा डाटा अपलोड गरिने कार्य भयो।
3. वार्ड न. ६ र ७ मा नाला सरसफाई तथा जिर्णोधार कार्य गरियो।
4. विभिन्न शिपमुलक तालिम अन्तरगत कम्प्युटर तालिम सञ्चालन गरियो।
5. राष्ट्रिय रोजगार प्रवद्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२ को दफा ११ वमोजिम स्थानिय कार्यक्रम कार्यन्वयन समिति गठन गरियो।
6. वैदेशिक रोजगारीको सिलसिलामा गई मृत्यु/अशक्त भएका व्यक्तिलाई क्षतिपुर्ति लिनमा सहजिकरण गर्ने कार्य गरियो।
7. वैदेशिक रोजगार वोर्डको सचिवालय बबरमहल काठमाण्डौंमा वैदेशिक रोजगारीको सिलसिलामा गई मृत्यु/अशक्त भएका परिवारका छोराछोरीहरुको सन्तति छात्रवृति सहायताका लागि फर्म भर्ने तथा डकुमेन्टलाई अपलोड गरिने कार्य गरियो।
8. वैदेशिक रोजगारीको सिलसिलामा जाने व्यक्तिहरुको श्रमको काममा सहजिकरण गर्ने कार्य भयो।
9. विद्यालयको अनुगमन गर्ने काम गरियो।
10. लामखुट्टे विरुद्धको औषधि डाईपर मेश्निन छिडकाउ गर्ने कार्य गरियो।

..............
राजिव कुमार सिंह
रोजगार सहायक

# शिक्षा, युवा तथा खेलकुद शाखाः

मिति : २०८३।०१।१४

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मनराशिसवा नगर कार्यपालिकाको कार्यालय,
मनरा, महोत्तरी ।

विषय : प्रगति प्रतिवेदन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस श्री मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्राप्त पत्रानुसार यस मनराशिसवा नगरपालिका अन्तर्गतका शिक्षा शाखाद्धारा २०८२ सालको माघ देखि चैत्र महिना सम्ममा तपशिल अनुसारका कार्यहरु सम्पादन भएको व्यहोरा अनुरोध छ ।

तपशिल:

(१) विद्यालयहरुमा कार्यरत शिक्षक र कर्मचारीहरुको तलव भत्ता निकासा भएको ।

(२) वाल विकास सहजकर्ताहरुको ५ दिने क्षमता विकास तालिम सम्पन्न भएको ।

(३) वाल विकास कक्षा मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्यको रतौली युवा क्लववाट सहजीकरण तथा समन्वय कार्यक्रम संचालनमा रहेको ।

४) विद्यालय वाहिर रहेका वाल वालिकाहरुको नाम नमेसी तथा वालिका शिक्षा सम्बन्धी कार्यको समग्र उत्थान संस्था सिरहावाट सहजीकरण तथा समन्वय कार्यक्रम संचालनमा रहेको ।

५) विद्यालयगत वार्षिक अन्तिम परिक्षा भएको ।

६) रतौली यूवा क्लव, पालिका र सेभ द चिल्रेन्ड विच त्रिपक्षिय गुणस्तरिय समावेशी बालविकास साझेदारी परियोजना संचालन सम्बन्धी सम्झौता भएको ।

७) विद्यालयको आवश्यकताको आधारमा नगर वाट शिक्षक तथा वालविकास सहयोगी, विद्यालय कर्मचारीहरुको नियुक्ति भएको ।

८) राष्ट्रपति रनिंगशिल्ड प्रतियोगिता सम्पन्न भएको ।

०८३।१।१४

संजय कुमार यादव
अधिकृत सातौं
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

संजय कुमार यादव
अधिकृत सातौं
शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख

# न्यायिक समितिः

श्रीमान् कार्यालय प्रमुख ज्यू
मनराशिसवा न.पा. मनरा, महोत्तरी

मितिः२०८३।०१।११ गते

बिषयः - **प्रगति विवरण सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस मनराशिसवा नगरपालिका न्यायिक समितिको कार्यालय मनरा, महोत्तरीको आ.व. २०८२/८३ को माघ १ गते देखि चैत्र मसान्त सम्मको प्रगति विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ।

**तपसिल**

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नँया मुद्दा दर्ता संख्या | ०८ थान | |
| २. | निर्णय | ०१ थान | |
| ३. | मेलमिलाप भएको मुद्दा संख्या | ०२ थान | |
| ४. | चालु मुद्दा संख्या | ०५ थान | |

२०८३-०१-११

मुकेश कुमार यादव
उजरी प्रशासक

# नापी शाखाः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
मनराशिसवा न.पा. मनरा, महोत्तरी

मितिः२०८३।०१।१४ गते।

बिषयः - त्रैमासिक प्रगति विवरण सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस मनराशिसवा नगरपालिकाको च.नं. २१८७ मिति २०८३।०१।०८ गतेको प्राप्त पत्रानुसार नापी शाखा कार्यालय मनरा, महोत्तरीको आ.व. २०८२/८३ को माघ १ गते देखि चैत्र मसान्त सम्मको प्रगति विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ।

**तपसिल**

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | आवासिय क्षेत्र सिफारिस | १२ थान | |
| २. | व्यवसायीक क्षेत्र सिफारिस | ०५ थान | |
| ३. | कृषि क्षेत्र सिफारिस | ०१ थान | |
| ४. | फिल्ड रेखांकन (वडा बाट) आएको पत्र | ०३ थान | |
| ५. | जग्गा नापजाँचको लागि परेको ठाडो निवेदन | ०९ थान | |

.........................
इन्द्र बहादुर तोलाङ्गी
अमिन

# आयुर्वेद शाखाः

3:41 PM

आयुर्वेद स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

०८२ माघ

## मासिक प्रतिबेदन फाराम (माघ)

| उमेरसमूह | नयाँ सेवाग्राही संख्या | | पुनरावृत सेवाग्राही संख्या | | जम्मा सेवाग्राही संख्या | | जम्मा प्रेषण गरिएको संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ० देखि ≤ ६ महिना | | | | | 0 | 0 | | |
| ७ महिनादेखि ११ महिना | | | | | 0 | 0 | | |
| १ वर्षदेखि ४ बर्षसम्म | | | 1 | 10 | 1 | 10 | | |
| ५ बर्षदेखि १६ बर्षसम्म | | 1 | | 1 | 0 | 2 | | |
| १७ बर्षदेखि ५९ बर्षसम्म | 18 | 7 | 12 | 6 | 30 | 13 | | |
| ६० बर्षदेखि माथि | 12 | 14 | 11 | 19 | 23 | 33 | | |
| जम्मा | 30 | 22 | 24 | 36 | 54 | 58 | 0 | 0 |

3:43 PM

आयुर्वेद स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

२०८२ फा०७/०१

## मासिक प्रतिबेदन फाराम (फागुन)

| उमेरसमूह | नयाँ सेवाग्राही संख्या | | पुनरावृत सेवाग्राही संख्या | | जम्मा सेवाग्राही संख्या | | जम्मा प्रेषण गरिएको संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ० देखि ≤ ६ महिना | | | | | 0 | 0 | | |
| ७ महिनादेखि ११ महिना | | | | | 0 | 0 | | |
| १ वर्षदेखि ४ बर्षसम्म | | 1 | | 6 | 0 | 7 | | |
| ५ बर्षदेखि १६ बर्षसम्म | 1 | | | | 1 | 0 | | |
| १७ बर्षदेखि ५९ बर्षसम्म | 33 | 61 | 7 | 9 | 40 | 70 | | |
| ६० बर्षदेखि माथि | 16 | 21 | 12 | 24 | 28 | 45 | | |
| जम्मा | 50 | 83 | 19 | 39 | 69 | 122 | 0 | 0 |

२०८२ चैत

## मासिक प्रतिबेदन फाराम (चैत)

| उमेरसमूह | नयाँ सेवाग्राही संख्या | | पुनरावृत सेवाग्राही संख्या | | जम्मा सेवाग्राही संख्या | | जम्मा प्रेषण गरिएको संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ० देखि ≤ ६ महिना | | | | | 0 | 0 | | |
| ७ महिनादेखि ११ महिना | | | | | 0 | 0 | | |
| १ वर्षदेखि ४ बर्षसम्म | 1 | 2 | | 3 | 1 | 5 | | |
| ५ बर्षदेखि १६ बर्षसम्म | 4 | 1 | | | 4 | 1 | | |
| १७ बर्षदेखि ५९ बर्षसम्म | 66 | 106 | 96 | 64 | 162 | 170 | | |
| ६० बर्षदेखि माथि | 38 | 54 | 37 | 27 | 75 | 81 | | |
| जम्मा | 109 | 163 | 133 | 94 | 242 | 257 | 0 | 0 |



## पूर्वकर्म / पञ्चकर्म प्रतिवेदन

| सेवाको विवरण | | स्नेहन | | स्वेदन | | शिरोधारा | बस्ती | | नस्य | अन्य | पञ्चकर्म गर्नेको जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक | बाह्य | एकांग | सर्वांग | | मात्रा | अनुवासन | | | |
| सेवा ग्राही | महिला | | 138 | 80 | 1 | | | | | | 219 |
| | पुरुष | | 122 | 65 | 20 | 5 | | | | | 212 |
| जम्मा संख्या | | 260 | | 166 | | 5 | 0 | | 0 | 0 | 431 |

# कृषि शाखाः

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि तथा पशु पन्छी विकास शाखा,मनरा

प.स.:०८२/०८३
च.नं.: २३६

मिति:- २०८३।०१।१६

श्री मनराशिसवा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,मनरा

विषय : काम काज सम्बन्धी जनकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको मिति २०८३।०१।०८ गतेको च.नं. २१८७ को पत्राअनुसार चालु आ.व. २०८२/०८३ को माघ १ गते देखि चैत्र ३० गते सम्मको कृषि तथा पशु पन्क्षी सेवा केन्द्र,मनरा का तपसिल अनुसारको काम काज भएको व्यहोरा जनकारीकोलागी अनुरोध गर्दछु ।

तपसिलः

| | कृषि विकास शाखा तर्फ | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | काम काज सम्बन्धी जनकारी | कैफियत |
| १ | सिचाई मिटर को सिफारिस | ४० वटा | |
| २ | बाली उपचार | १० वटा | |
| ३ | किसान सूचीकरण कार्यक्रम | संचालनमा रहेको | नेपाल सरकार - शसर्त अनुदान |
| ४ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम | संचालनमा रहेको | नेपाल सरकार - शसर्त अनुदान |
| ५ | आ.ब. २०८२/८३ मा तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन | संचालनमा रहेको | नेपाल सरकार - शसर्त अनुदान |
| | पशु विकाश शाखा तर्फ | | |
| १ | सेवाग्राहीको पशु उपचार | ४२० वटा | |
| २ | कृत्रिम गर्भाधान | ३० वटा | नेपाल सरकार - शसर्त अनुदान |
| ३ | गोवर परिक्षण | १० वटा | |
| ४ | दुध परिक्षण | ४ वटा | |
| ५ | पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | संचालनमा रहेको | नेपाल सरकार - शसर्त अनुदान |

..................
गुरुदेव प्रसाद साह
सेवा केन्द्र प्रमुख

<u>पशु शाखाः</u>

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि तथा पशु पन्छी विकास शाखा,मनरा
मधेश प्रदेश, नेपाल

प.स.:०८२/०८३
च.नं.: २२४

मिति :- २०८३/१/१४

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
मनराशिसवा न.पा, नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी

विषय :- विवरण सम्वन्धमा ।

प्रस्तुत विषयमा तहा प.स २०८२/८३ च.नं २१८६ मिति २०८३/१/८ गतेको पत्र अनुसार यस मनराशिसवा नगरपालिकाको पशु सेवा शाखाको चालु आ.व २०८२/८३ को माघ १ गते देखी चैत्र मसान्त सम्मको विवरण तपसील अनुसार जानकारीको लागी अनुरोध छ ।

<u>तपसील</u>

१. सेवाग्राहीको पशु उपचार तथा परामर्स — ४२० जना
२. कृतिम गर्भाधान —— ३० पशु
३. गोवर परिक्षण —— १० थान
४. दुध परिक्षण —— ४ नमुना
५. पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम - चालु

०८३-१-१४
डा. प्रदिप कुमार साह
पशु चिकित्सक (छैठौं)

मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि तथा पशुपन्छी सेवा केन्द्र मनरा, महोत्तरी

# स्वास्थ्य शाखा:

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov
manrashiswamun.gov@gmail.

मिति : २०८३.०१.१४

श्री मनराशिसवा नगरपालिका ,महोत्तरी

विषय : विवरण पठाईएको सम्बन्धमा ।

प्रस्तुत् विषयमा यस नगरपालिकाको च.न.२१८७ को पत्रानुसार यस नगरपालिकाको आ.व.२०८२/०८३ को माघ देखि चैत्र सम्म भएको कामहरुको विवरण तपसिल अनुसार पठाईएको व्यहोरा अनुरोध छ ।

.............................................
रामचन्द्र यादव
(ज,स्वा.अधिकृत )

तपसिल :

सुत्केरी संख्या – ८१३

भिटामिन ए खुवाएको बच्चा संख्या ; ४८२३

जुकाको औषधि खुवाएको बच्चा -४८२३

एच पी भी खोप दिएको संख्या – ४०४

ओपिडी सेवा पुरुष : ५१३९

ओपिडी सेवा महिला : ७८५६

खोप सेवा : २५८२

घर दैलो सेवा :६९०१

म.स्वा.से . सेवा : ५८४७

"शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार: मनराशिसवा नगरपालिका समृद्धिको आधार"
Website: https://manarashiswamun.gov.np

# नगर प्रहरीः

मिति - २०७३।१।१६

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
मनरा सिस्वा न.पा. को कार्यालय मनरा

विषय :- कार्य सम्पादित भएको विवरण -

श्रीमान, यस मनरासिस्वा न.पा. मा मिति २०७२ माघ देखि २०७२ चैत्र मसान्त सम्म नगर प्रहरी द्वारा निम्न लिखित कार्य सम्पादन भएको छ।

1:- न.पा. कार्यालय, को सुरक्षा, नगर अस्पताल, र पशु अस्पताल मा निरन्तर सुरक्षा व्यावस्था मा तत्पर रहेको।

2:- सबै वडाहरुमा बाटो सर-सफाई तथा नालाको सर-सफाई भएको छ। र उक्त कार्य निरन्तर चलिरहेको छ।

3:- न्याइक समिति शाखा द्वारा जग्गा रोक्का कार्य तथा जमिन जग्गा नापी मा खटीएको छ।

४. कक्षा ०८ को परिक्षा र न.पा. को आन्तरीक परिक्षा हरुमा शान्ति सुरक्षा मा खटीएको छ।

५. न.पा. स्थित सबै वाहन - ट्रेक्टर - डी.सी.बि. एम्बुलेन्स इत्यादीको रख रखाव तथा संचालन गरिएको छ।

६:- जुनै पनि बेला आकस्मीक सेवाको लागि नगर प्रहरी स्टेन्ड बाई बसेको छ।

७:- सेवा ग्राही बाट छाटो निवेदन आएपछी उक्त कार्य समय मै सम्पन्न गरी- गराइएको छ।

८:- सबै वडाहरुमा पत्राचार - गरेको भएको छ।

९. कार्यालय बाट आएको निति निर्देशन बमोजीम कार्य भएको छ।

दर्ता नं ३१०६
मिति २०७३।१।१६

श्री प्रशासन शाखा
प्र.प्र.अ.
२०७३।०१।१६

कार्य विवरण पेश गर्ने -
नाम - जगदीश कुमार सिंह
पद - नगर प्रहरी निरिक्षक
मो.नं. ९८२४०३००४९

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

- कार्यालय प्रमुख, श्री प्रेम कुमार पोखरेल : ९८५४०३३१०३
- सूचना अधिकारी, मुकेश कुमार यादव : ९८५४०३३१०९

## ११. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः

यस कार्यालयको सञ्चालनमा रहेको आधिकारिक वेबसाइट र ईमेल ठेगाना तपशिल बमोजिम रहेको छ ।

तपशिल

वेबसाइट: https://manarashiswamun.gov.np

ईमेल ठेगाना :info@manarashiswamun.gov.np | manarasishwamun.gov@gmail.com

## १२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

- माथि दफा ९ मा उल्लेख भए बमोजिम ।

## १३. ऐन, नियम, कार्यविधिको सूचीः

| क्र.स. | प्रकाशन मिति | प्रकाशित दस्तावेजको नाम |
|---|---|---|
| १. | २०८१-०१-१८ | मनराशिसवा नगरपालिकाको खेलकुद विकास समिति (गठन तथा संचालन) कार्यविधि-२०८१ |
| २. | " | मनराशिसवा नगरपालिकाको न्यायिक समितिको कार्यविधि-२०८१ |
| ३. | २०८१-०३-३० | मनराशिसवा न.पा.को विनियोजित ऐन-२०८१ |
| ४. | " | मनराशिसवा न.पा.को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन-२०८१ |
| ५. | " | मनराशिसवा न.पा.को कार्यक्रम संचालन निर्देशिका-२०८१ |
| ६. | " | मनराशिसवा न.पा.को विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन-२०८१ |
| ७. | " | भवन तथा वस्ती विकास सम्बन्धि निर्देशिका-२०८१ |
| ८. | २०८१-०५-२९ | USAID को प्राविधिक सहयोगमा प्राप्त निर्देशिका-२०८१ |
| ९. | " | तिन पाङग्रे सवारी साधन व्यवस्थापन कार्यविधि-२०८१ |
| १०. | २०८१-०६-३० | खेलकुद प्रवर्द्धन कार्यविधि-२०८१ |
| ११. | " | नागरिक आरोग्य सेवा कार्यविधि-२०८१ |
| १२. | " | स्वास्थ्य सेवा घरदैलो कार्यविधि-२०८१ |
| १३. | २०८१-०६-१३ | जेष्ठ नागरिक  परिचय-पत्र वितरण निर्देशिका-२०८१ |
| १४. | २०८१-०७-०७ | "घ" वर्गको इजाजत-पत्र नविकरण सम्बन्धि कार्यविधि-२०७९ |
| १५. | " | मनराशिसवा नगरपालिका साक्षरता अभियान संचालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धि कार्यविधि-२०८१ |
| १६. | २०८१-०७-३० | मनराशिसवा नगरपालिका आर्थिक सहायता कार्यविधि-२०८१ |
| १७. | " | मनराशिसवा नगरपालिकाको कर्मचारीहरुको तह वृद्धि सम्बन्धि कार्यविधि-२०८१ |
| १८. | २०८१-०९-०१ | न्यायिक समिति संचालन कार्यविधि-२०८१ |
| १९. | २०८१-०९-२० | सहकारी ऐन-२०८१ |
| २०. | " | स्वास्थ्य ऐन-२०८१ |
| २१. | २०८१-१०-११ | मनराशिसवा नगरपालिकाको नागरिक आरोग्य सेवा सञ्चालन कार्यविधि-२०८१ |
| २२. | २०८१-१२-२२ | मनराशिसवा नगरपालिकाको शिक्षक दरबन्दी मिलान,सरुवा तथा पदस्थापन कार्यविधि-२०८१ |
| २३. | २०८२-०६-३० | मनराशिसवा नगरपालिका खेलकुद प्रवर्द्धन कार्यविधि, २०८१ |
| २४. | २०८२-०९-१२ | विद्यालय शिक्षक, बालबिकास सहजकर्ता तथा विद्यालय कर्मचारी नियूक्ति सम्बन्धि कार्यविधि,२०८२ |
| २५. | २०८२-१०-०२ | मनराशिसवा नगरपालिकाको घर नक्सा अभिलेखीकरण कार्यविधि, २०८२ |
| २६. | २०८२-१०-०२ | मनराशिसवा नगरपालिका आय ठेक्का व्यवस्थापन कार्यविधि,२०८२ |